# काठमाण्डू– उपत्यकाको एक राजवंशावली को सम्पादकीय टिप्पणी

काठमाण्डू उपत्यकाको राजवंशावली अंग्रेजीमा अनुवाद गराई प्रचारित गर्नेहरूमा डाक्टर राइटको नाम सर्वाधिक प्रसिद्ध छ । यिनीद्वारा सम्पादित वंशावली १८७७ ई. मा कैम्ब्रिजबाट प्रकाशित भएको थियो । यसभन्दा अघि कर्नेल कर्कपेट्रिकले लण्डनबाट १८११ ई. मा प्रकाशित गराएको वंशावली नेपालविषयक अंग्रेजीको सबभन्दा पहिलो ग्रन्थ होला । अनि काठमाण्डू उपत्यकाको वंशावलीको अंग्रेजी अनुवाद बम्बईबाट प्रकाशित हुने "इन्डियन एन्टिक्वेरी" नामक पुराअनुसन्धान पत्रिकामा प्रकाशित भयो । नेपालको प्राचीन इतिहास र संस्कृतिका अध्येताहरूले वंशावलीका यी अनुवादहरूबाट पर्याप्त लाभ पाएका हुन् । आज पनि यी वंशावलीहरूको सम्बन्धमा जसले जेसुकै भने तापनि तिनमा भएका कुराको खण्डन वा समर्थन गर्दै नेपालका इतिहास लेखिएका छन् । किन्तु, वंशावलीका यी अंग्रेजी अनुवाद ज्यादै अघि प्रकाशित भएकोले तिनको उपयोग गर्न पाउनु सर्वसाधारणको निमित्त उति सजिलो छैन । फेरि आफ्नू वंशावली अर्को कुनै भाषामा अनुवादद्वारा पढेर त्यसको उपयोग गर्दा हाम्रा स्वदेशी अध्येताहरूलाई अलि कस्तो कस्तो लाग्नु पनि स्वाभाविक भएकोले आफ्नै भाषामा प्राप्त आफ्नू वंशावलीको कुनै संस्करण वाञ्छनीय भएकोले यो वंशावली यहां प्रकाशित गर्नु उचित लाग्यो ।

वंशावलीको यो संस्कारण सुब्बा भूपालमानसिंह प्रधानबाट प्राप्त भएकोले उहांप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

यसको प्राप्त प्रतिमा लेखाइको पुरानूपन हुनु स्वाभाविकै छ । वर्णनको शैली र त्यसको विषयको अनुरूपनै त्यसको भाषा पनि भएकोले सम्पादन गर्दा त्यसलाई यथाशक्य मूलकै नजीक राख्ने प्रयत्न गरिएको छ । शब्दका हिज्जेमा परिवर्तन गर्दा मूलशैलीको विकृति नहुने भएकोले यथावश्यक स्थानमा यस्तो संशोधन गरिएको छ । मूल प्रतिमा जुन शब्द सन्दिग्ध लागे त्यस्ता शब्दका पछाडि कोष्ठभित्र प्रश्न चिह्न दिइएका छन् ।

वंशावलीलाई आधुनिक "इतिहास" नभन्ठान्नु भूल होला । किन्तु, विशेष गरी पूर्वी देशहरूको इतिहासको चर्चा गर्दा त्यसलाई कुनै महत्व नदिनु पनि त्यत्तिकै भूल होला । स्मरणीय छ, कुनै विषयको प्रतिपादनमा स्थानीय समाजको अवस्थाको मौलिकताको सबभन्दा ठूलो प्रभाव पर्नु स्वाभाविक छ । दृष्टान्तस्वरूप प्राचीन यूनानीहरूको जीवनमा भौतिकताको सर्वोपरि स्थान थियो । सानसाना नागरिक राज्यमा विभाजित त्यसको जनजीवनको सर्वोच्च आकांक्षा त्यसैले भौतिक शक्तिकै प्रदक्षिणा गर्दथ्यो । प्रभावशाली वक्ता, शक्तिशाली योद्धा, व्यवस्थापटु अधिकारीहरू यूनानी जीवनका सबभन्दा आदरप्राप्त व्यक्ति हुन्थे । उनको यो भूताश्रयी दृष्टि उनको कलाकौशल र लेखनशैलीमा पनि अभिव्यक्त छ । अतएव उनका इतिहासकारहरूले घटनाकाल, घटनास्थल, तिनका नायक, घटनाको प्रभाव आदिका सम्बन्धमा पनि मुख्य ध्यान राख्नु कुनै अनौठो कुरो होइन । किन्तु पूर्वी संसारको जनजीवन यसभन्दा भिन्नै छ । यहां भौतिक जीवन गौण र आध्यात्मिक जीवन प्रमुख मानिदै आएको छ । कहांसम्म भने राजनैतिक जीवनमा पनि यसको यथार्थता कायम नैं देखिन्छ । झन् नेपाल त दुर्गम पहाडका पर्खालभित्र अवस्थित देश हो, यहांसम्म अन्यत्रका प्रभाव परिश्रमसाथ र ढीलै आइपुग्न सक्तछन् । यहांको जीवन र त्यसका मान्यतालाई अरू कुनै देशका जीवन र त्यसका मान्यतासित यति सजिलैसित दांज्नु युक्तिसंगत नहोला । यसै कारण जहां हेरेडोटसका लेखाइमा यूनानीहरूको प्राचीन पदार्थवादी जीवनको फोटो छ, त्यहां नेपालका वंशावली, राजस्थानका ख्यातिहरू र हाम्रा पुराणहरूमा समाजका धार्मिक जीवन एवं त्यसप्रतिको मोहको मनोभावको चित्रण छ । हामीले आफ्ना वंशावली-

हरूको अध्ययन गर्दा त्यसका प्रणेताको यो मौलिक दृष्टिको विचार अवश्य राख्नुपर्दछ ।

विशेष गरी काठमाण्डू उपत्यकाको वंशावलीमा यहांका देवीदेवताको यात्रा, यहांका शासक र सर्वसाधारणको धार्मिक कृत्यको बडो उत्साहसाथ वर्णन गरिएको पाइन्छ। वस्तुतः यहांको राजनीति र समाजनीतिको यही मुख्य पांग्रा थियो । वर्तमान काठमाण्डूलाई हेर्दा पनि यो कुरा राम्ररी बुझ्न सकिन्छ । आज पनि यस मौलिक दृष्टि-कोणमा ठूलो अन्तर परेको देखिन्न ।

भनाइको तात्पर्य यो हो आधुनिक विचारले नेपालको इतिहास लेख्न बस्ता प्राप्तवंशावलीहरूलाई "इतिहास" नै नभन्ठानी त्यसलाई इतिहासको एक "सामग्री" को रूपमा अंगीकार गर्नु श्रेयस्कर छ । यसबाट राज-मालाको धेरैजसो क्रमवद्ध श्रृंखला पाइन्छ जो इतिहासका अरू सामग्रीद्वारा जांच्ता पनि धेरै अंशमा उपयोगी नै ठहर्दछ ।

वंशावलीको वर्णनले कमसे कम समाजको दृष्टिकोणको तस्वीर त अवश्य पेश गर्दछ, र यो देशको सांस्कृतिक जीवनको अध्ययनमा अवश्य नै काम लाग्ने विषय छ ।

नेपालमा आजसम्म पाइएका वंशावलीहरूका मुख्य विषयहरूमा पारस्परिक विरोध छैन । निश्चय नै कुनै बंशावलीमा बौद्धधर्मको केही बढ्ता रंग भेटिन्छ र कुनैमा हिन्दूधर्मको । यो वंशावलीका प्रतिहरू तयार पार्नेहरूको मौलिकतामा निर्भर भएको स्पष्ट छ । तर, जे भए पनि तिनमा कुनै धार्मिक पक्षपात अथवा कलह भेटिन्न । यी वंशावलीहरू पनि यसरी नेपाली जीवनको सबभन्दा ठूलो मौलिकताका समर्थक नै छन् जो धार्मिक सहिष्णुता हो ।

वंशावलीहरूको मौलिक एकरूपताको आधारमा तिनको मूल लेखक एउटै व्यक्ति हो कि भन्ने जस्तो पनि लाग्दछ । सम्भव छ कुनै समयमा एउटा व्यक्तिले "गोपाल वंशावली" जस्तो कुनै वंशावलीको एक प्रति तयार पार्‍योहोला जसबाट परम्परागत रूपले पछिपछि विभिन्न थपघटसम्म भएका अनेक अनेक प्रति तयार भए । विचारणीय छ वंशावलीका प्रारम्भिक अंशमा देखिएको एकनासेपनाको निर्वाह पछिल्ला अंशमा भएको छैन । यो कुरा मल्ल-वंशको अघि र पछिका अंशहरूको विचार गर्दा अझै स्पष्ट हुन आउंछ । सम्भव छ जयस्थिति मल्लले लाभू संक्रमण-कालपछि आफ्नू बलियो हातमा सत्ता धारण गरेर नयां स्थिति बसाल्दा उनैले कुनै वंशावली तैयार पार्न लगाए अथवा त्यसैका परोक्ष प्रभावले नेपालको पुरानो व्यवस्थाको कुनै जिज्ञासुले कुनै वंशावली आफ्नै प्रेरणाले लेख्न थाल्यो-होला । स्मरणीय छ लगभग यसै समय भारतमा पनि समाजको इतिवृत्तात्मक लेखप्रति आकर्षण उत्पन्न हुन लागेको थियो ।

तर, आश्चर्यको कुरो यो हो आजसम्म प्राप्त यस विशेष क्रमका धेरैजसो वंशावली नेपाली भाषामा लेखिएका भेटिन्छन् । निश्चय नै यसको प्रणेता काठमाण्डू उपत्यकाकै निवासी हो । कारण, गोरखा र बाईसे चौबीसे राज्यका महत्वपूर्ण घटनाहरूप्रति पनि यो वंशावली मौन नै छ ।

यसमा एक अर्को कुरा पनि विचारणीय छ, त्यो यो हो यसमा राणाशासनका अलिकति पनि विरुद्ध हुन सक्ने कुरालाई ज्यादै चतुरताका साथ पन्छाइएको छ । उदाहरणस्वरूप चीन नेपाल युद्ध ज्यादै जोगाएर वर्णन गरिएको छ, अंग्रेजसितको युद्धको अति साधारण उल्लेख छ, गगनसिंह र माथवरसिंहको हत्याराको उल्लेख ज्यादै सावधानीसाथ पंछाइएको छ । यिनै आधारमा अनु-मान हुन्छ चाहे वीरपुस्तकालयमा भएको "गोपालवंशावली" जस्तो कुनै मूल रचनाको विस्तारमा प्रस्तुत वंशावली-हरूका विभिन्न प्रतिहरू तैयार हुन सके तापनि राणा-कालको कुनै समयमा कारणवश तिनमा कुनै किसिमले एकरूपता आउनगयो । यी प्राप्त वंशावलीहरूको भाषा र यिनका प्रतिहरूको प्राचीनताले पनि तिनलाई वंशावली-ह लेखिने वा सारिने क्रमले राणा शासनको कठोर नियन्त्रणबाट त्यसको प्रभावसहित छिर्नु परेको स्पष्ट गर्दछ ।

"गोपालवंशावली" हाम्रो देशबाट प्रकाशित हुने एक महत्वपूर्ण पत्रिकामा प्रकाशित भइसकेको छ । प्रस्तुत वंशावली त्यससित र अरू पनि प्राप्त ऐतिहासिक साधन-सित दांज्दै उपयोगमा ल्याइएमा नेपालको इतिहासमा जिज्ञासा राख्ने व्यक्तिलाई अनुसन्धानको नयां विषय र साधन उपलब्ध होला भन्ने आशा गर्दछु ।

—*बालचन्द्र शर्मा*